आ.व. २०७६/०७७ को तेस्रो बैठक

आज मिति २०७६ साल आश्वीन १४ गते बिहान ८:३० बजे राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

## उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री तारावहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य सचिव श्री राम प्रसाद शर्मा, राप्ती गाउँ कार्यपालिका ।

## आमन्त्रित

श्री धन प्रसाद शर्मा, लेखा अधिकृत ।

श्री रामराज अधिकारी स.ले.पा. ।

श्री निमिला अधिकारी , [illegible] ।

नुमानन्द
अध्यक्ष

## निर्णयहरु :

निर्णय नं. १ राप्ती गाउँपालिका अन्तर्गतका दुई स्वास्थ्य चौकीहरुमा सि.अ.न.मी. (छैठौं तह) एक - एक जना र अ.न.मी. (चौथो तह) एक - एक जना साथै गाउँपालिकामा एक सि.अ.न.मी. (छैठौं तह) गरी ५ जनाको दरवन्दि रहेको सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समायोजन पत्रानुसार ७ जना स्वास्थ्यको अ.न.मी. ( विभिन्न तहका ) कर्मचारी समायोजन भईआउनु भएकाले वहाँहरु लाई हाजिरी गराई कामकाजमा खटाउनुको साथै दरवन्दि सहितको तलव व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अर्थ मन्त्रालय मा लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. २ मछिताल सामुदायिक सौर्य पम्प सिंचाई योजना कार्यान्वयन गर्नका लागि कूल लागत रु.१८०४१७६।५० ( अक्षरुपी रु. अठार लाख चार हजार एक सय छैहत्तर रुपैया पचास पैसा ) अनुमान गरिएकोमा राप्ती गाउँपालिकाका तर्फबाट रु. ५०००००।- , नामसालिङ सामुदायिक विकास केन्द्रबाट ६०००००।-, तथा मछिताल सामुदायिक सौर्य पम्प सिंचाई उपभोक्ता समितिबाट २,७०६२६।४७ लागत साझेदारी गरी अपुग रकम ४३३५५०।०२ यस योजना संग सम्बन्धित विभिन्न निकायहरुमा अपुग बजेट व्यवस्थाका लागि आवश्यक पहल गर्ने तथा रकम जुट्न सम्भव नभएको खण्डमा राप्ती गाउँपालिकाको समपुरक कोषबाट खर्च गर्ने गरी यस योजनाको कार्य अघी बढाउने निर्णय गरियो ।